नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।
मिति: २०७९/०४/१० गते।

## प्रेस विज्ञप्ती- ३

### "वैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १३, बाफल बस्ने निशा गुरुङले कुमारी वैंक लिमिटेड, दरबारमार्ग शाखा कार्यालय, काठमाडौंमा रहेको निजको खाताबाट रकम भुक्तान हुने भनी उक्त बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनले वैंकिङ् कसूर मुद्दामा फैसला गर्दै प्रतिवादी निशा गुरुङलाई बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा जम्मा ५ (पाँच) दिन कैद र रु. २३,१४,२५०/- (तेइस् लाख चौध हजार दुई सय पचास् रुपैंया मात्र) जरिवाना हुने ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निजलाई आज मिति २०७९/०४/१० गते जिल्ला काठमाडौं, टोखा न.पा. वडा नं. ६, टोखाबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| **प्रतिवादी:** | निशा गुरुङ् |
| **उमेर:** | ४२ बर्ष |
| **ठेगाना:** | जिल्ला कास्की, पोखरा महानगरपालिका वडा नं. १७ घर भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १३, बाफल बस्ने। |
| **मुद्दा:** | वैंकिङ् कसूर |
| **सजाय:** | रु. २३,१४,२५०/- जरिवाना र ५ दिन कैद |
| **फैसला मिति:** | २०७९/०१/१३ गते। |
| **पक्राउ मिति:** | २०७९/०४/१० गते। |
| **पक्राउ स्थान:** | जिल्ला काठमाडौं, टोखा न.पा. वडा नं. ६ |



उप निर्देशक
(श्याम कुमार महतो)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२९१३११
मिति २०७९/०४/१० गते ।